# “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५
## कमल गाउँपालिका, झापा

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी कमल गाउपालिकाले यो कार्यविधि जारी गरेको छ।

**(१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने:**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन।

**(२) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था:**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची–१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागी यस कमल गाउँपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागी कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमो गाउँपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची–२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची–३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ।

**(३) इजाजतपत्रको अवधि र नवीकरणः**

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक बर्षको अन्य सम्म मात्र मान्य रहनेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित गाउँपालिकावाट अनुसूची–२ बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ। इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची–४ बमोजिमको पास वुक भरी अघिल्लो आर्थिक बर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ। यसरी अनुसूची–४ बमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका वाध्य हुनेछैन।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ।

**४) इजाजतपत्रको खारेजीः**

(१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछः

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ।

**५) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्थाः**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची–२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ।

**६) प्रचलित कानून बमोजिम हुनेः**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**७) बचाउः**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ।

# अनूसुची-१

कार्यविधिको दफा २ को उपदफा (१) संग सम्वन्धित

ईजाजत पत्रको लागि दिईने दरखास्त

## बिषयः इजाजत पत्र पाउ भन्ने बारे।

दरखास्त वालाको फोटो

श्री कमल गाउँपालिकाको कार्यालय

...............

यस ........... कार्यालयको कार्यविधि .......... बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ।

**१) दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,**

नामः

ठेगानाः

पोष्ट बक्सः

टेलिफोन नं. : फ्याक्स नं. ईमेलः

**२. फर्म वा कम्पनीको प्रकृति**

☐ प्राईभेट लिमिटेड कम्पनी ☐ क लिमिटेड कम्पनी

☐ एकलौटी ☐ साझेदारी

(कोष्ठमा रजा लगाउनु पर्नेछ)

**३) सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको**

नामः

ठेगानाः

पोष्ट बक्सः

टेलिफोन नं. : फ्याक्स नं. ईमेलः

**४) फर्म वा कम्पनीको विवरणः**

दर्ता नं. द दर्ता मितिः

अधिकृत पूजीः जारी पूजीः

दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः

**५) इजाजतपत्र लिन चाहनेको वर्गः** (घ) वर्ग

**६) समूहीकरण हुन चाहेको समूहः**

**७) आर्थिक श्रोतको विवरणः**

| | रकम | वित्तीय संस्था /बैंकको नाम |
|---|---|---|

| | | |
|---|---|---|
| स्थानीय ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुटं पेश गर्न सकिनेछ ।

**८) कामदारको विवरणः**

क) प्रविधिकः

ख) अप्राविधिकः

ग) अन्य

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नुपर्ने छ ।

**९) आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनर औजारको विवरणः**

| सि. न . | नाम तथा विवरण | दर्ता नं . | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्यः यस विवरणमा उल्लेखित सावरी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र)  र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्धारा प्रमाणीत भएको हुनु पर्नेछ ।

**१०) यस अघि सम्पन्न गरेको कामको विवरणः**

| सि. न . | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था (प्रगति प्रतिशत) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**११) करचुक्ता गरेको प्रमाण कागजातः**

क

ख

ग

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ। झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको

दस्तखतः

मितिः

**द्रष्टव्यः** यस दरखास्त फारम साथ दरखास्त फाराममा उल्लेल भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नुपर्नेछ।

## अनुसूची-२

**कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) संग सम्वन्धित**

| क्र. स. | निर्माण व्यवसायी को वर्ग | ईजाजत पत्र दस्तुर | ईजाजत पत्र नवीकरण दस्तुर | ईजाजत पत्र नवीकरण थप दस्तुर | ईजाजत पत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | ५००० | ५००० | १०००० | १००० |

द्रष्टव्यः घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०..वमोजिम का दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र

ईजाजतपत्र नवीकरण गराउदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ।

## अनुसूची-३

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्वन्धित

**इजाजतपत्र**

ईजाजतपत्र नं..................... मिति :- .....................

**कमल गाउपालिका**
**कमल कार्यपालिकाको कार्यालय**

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०........ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न

..............स्थित कार्यालय भएको ....................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ।

ईजाजतपत्र दिनेको,-

दस्तखतः-

नामः-

पद :-

मिति :-

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने कार्यालयः-)

नविकरणः

| नवीकरण गर्ने | अ धकारी नवीकरण | गरेको | मति नवीकरण | बहाल रहने |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची-४

## निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण ( पासवुक)

| क्र.सं | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम ....... | क) नामः ................ | क) थप समयः | क) Variation पछिको Contract Amount | क) सम्पन्न रकम ...... | क) अन्तिम ठेक्का रकमः ...... | |
| | | | | | ख)सम्झौता मिति : | ख)पद : | क) नाम : | क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम | ख) सम्पन्न मिति | ख) सम्पन्न मिति | |
| | | | | | ग)ठेक्का अवधि ................ | ग)हस्ताक्षर ................ घ)छाप ................ | ख)पद : ................ ग)हस्ताक्षर ................ घ) निर्णय मिति ................ छाप ................ | ख)पद : ................ ग) हस्ताक्ष ................ घ) छाप ................ | ग) सम्पन्न % ........... घ) नाम ........... पद...... हस्ताक्षर. ........ छाप ........... | घ) नाम ........... पद ........... हस्ताक्षर ........... छाप ........... | |

# अनुसुची–५

## "घ" वर्गको निर्माण व्यवसायीको लागी आवश्यक योग्यता

**१. आर्थिक क्षमताः**

प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग बिभागमा दर्ता भएको हुनु पर्नेछ।

**२. मुख्य जनशक्ति विवरणः**

मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ बिषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि बिषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ।

**३. मेशीन र उपकरणः**

(क) ट्रिपर /टयाक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/Level Machine (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

**द्रष्टव्यः**

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ बिषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई बर्षसम्म बेचबिखन गर्नपाइने छैन।

४. पन्ध्र बर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागी मान्य हुने छैन।